बैठक नं १९४

आज मिति २०८२/१०/२३ गते विहान ८:०० बजे यस तादी गाउँपालिकाको अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

## उपस्थिति

| क्र.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | देवकी |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री सुजन शुभ भ्लोन | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सेवक विक्रम राई | लेखा अधिकृत आठौ | |
| १७. | शर्मिला कुमारी तामाङ मोक्तान | अधिकृतस्तर छैठौं | |
| १८. | श्री शर्मिला थापा | कम्प्युटर अपरेटर | |

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. सोलार जडान अनुमति प्रदान सम्बन्धमा ।
३. दुप्चेश्वर गोसाईकुण्ड केवलकारको सम्भाव्यता अध्ययन सम्बन्धमा ।
४. गैरीखर्क जाने मोटरबाटो मर्मत सम्बन्धमा ।
५. लोछार सांस्कृतिक कार्यक्रम सम्बन्धमा ।
६. प्रधानमन्त्री रोजगार कार्यक्रम सम्बन्धमा ।
७. विविध
   क) कर्मचारीको घरभाडा सम्बन्धमा ।
   ख) १० लाख माथिको आयोजना कार्यान्वयन सम्बन्धमा।
   ग) आर्थिक सहायता सम्बन्धमा ।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु सम्बन्धमा छलफल गरी समिक्षा गरियो । |
| २ | प्रस्ताव नं २ उपर छलफल गर्दा तादी गाउँपालिका वडा नं. ४, २ र ३ मा निर्मित माउण्टेन ईनर्जी प्रा.लि. ले आफ्नो नाममा दर्ता श्रेस्ता कायम रहेको र हकभोग कायम भएको विद्युत गृह परिसरमा ७६७.५२ कि.वाट सौर्य उर्जा उत्पादनको लागि अनुमति पाउँ भनि निवेदन प्राप्त भएकोले उक्त आयोजनाले गरेको Detailed Feasibility (LDFS) को साथै वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) प्रतिवेदन पेश गर्न उक्त प्रा.लि. लाई पत्राचार गर्ने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं ३ उपर छलफल गर्दा दुप्चेश्वर गोसाईकुण्ड केवलकार प्रा.लि. काठमाडौले धार्मिक स्थल दुप्चेश्वर गाउँपालिका वडा नं. ६ स्थित दुप्चेश्वर बाट तादी गाउँपालिका वडा नं. ४ स्थित बागमारा मालाभञ्याङ हुदै गोसाईकुण्ड सम्म (Low Bottom Station Location बाट Top Bottom Station Location सम्म) केवलकारको सम्भाव्यता अध्ययनको लागि अनुमति माग भई आएकोले उक्त प्रा.लि. लाई सम्भाव्यता अध्ययनको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो । |
| ४ | प्रस्ताव नं ४ उपर छलफल गर्दा तादी गाउँपालिकाको गैरीखर्कको आयोजना खरानीटार-डाँडागाउँ-काल्चे गैरीखर्क सडक अन्तर्गत काल्चे गैरीखर्क सडक खण्डको बाटो मर्मत सम्भार र सरसफाई गर्नुपरेको हुँदा हाललाई विपद शीर्षकबाट ईष्टिमेट अनुसारको रकम रु १,७०,२०३.००। विपद शीर्षकबाट खर्च हुने गरी कार्य अगाडी बढाउने निर्णय गरियो । |

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा २०८२ सालको ल्होछार पर्वको उपलक्ष्यमा यस तादी गाउँपालिकाले आयोजना गर्ने ल्होछार सांस्कृतिक कार्यक्रम तादी गा.पा.वडा नं. १ स्थित मानेडाँडामा मिति २०८२/१०/२४ गतेका दिन विभिन्न सांस्कृतिक कार्यक्रम सहित सञ्चालन गर्न गाउँपालिका स्तरीय ल्होछार कार्यक्रम शीर्षकमा बिनियोजित बजेटबाट रु. ४ लाख ५० हजार खर्च व्यहोर्ने गरी कार्यक्रम सम्पन्न गर्ने निर्णय गरियो ।

६ प्रस्ताव नं ६ उपर छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम र सो कार्यक्रमको लागि यस गाउँपालिकाबाट भएको साझेदारी वापतको तपशिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**श्रम, सुरक्षा तथा सामाजिक सुरक्षा मन्त्रालय**
**प्रधानमन्त्री रोजगार कार्यक्रम**
**आ.व. २०८२/०८३**
**प्रधानमन्त्री रोजगार कार्यक्रम नेपाल सरकार**

| वडा नं. | आयोजनाको नाम | नेपाल सरकार रकम | साझेदारी गर्ने आयोजनाको नाम | साझेदारी गर्ने निकाय | साझेदारी रकम |
|---|---|---|---|---|---|
| १ | खाप्सुङ दोभान तोगाङ छ्योलोङ गोरेटो बाटो मर्मत | ४,५२,०००। | | | |
| २ | रालुका मन्दिर परिसर पार्क स्तरोन्नती । | ५,२७,८००। | रालुका मन्दिर परिसर पार्क स्तरोन्नती । | वडा स्तरीय | ३,००,०००। |
| ३ | प्रभुडाँडा जिरोदेखि डाँडागाउँ जोड्ने गोरेटोबाटो सिंढी निर्माण | ३,०१,६००। | प्रभुडाँडा जिरोदेखि डाँडागाउँ जोड्ने गोरेटोबाटो सिंढी निर्माण | वडा स्तरीय | २,५०,०००। |
| ४ | सातविसे अमले बाटो निर्माण | ३,७७,०००। | सातविसे अमले बाटो निर्माण | वडा स्तरीय | २,५०,०००। |
| ५ | आँप्र बगैंचा विज्ञान मा.वि.विद्यालय वरपर वडा भित्रको सडक सरसफाई साथै सडक हरित कार्यक्रम | ३,७७,०००। | सडक हरित कार्यक्रम | वडा स्तरीय | १,००,०००। |
| ६ | डोटेलबेसी पौवाथोक ठाँटी आलडाँडा गैरीगाउँ सडक मर्मत | ५,२७,८००। | | | |

७ प्रस्ताव नं ७ उपर छलफल गर्दा तपशिल बमोजिमको निर्णय गरियो ।

क) प्रस्ताव नं ७ (क) उपर छलफल गर्दा आ.व २०८२/०८३ मा विनियोजन भएको कर्मचारी लाई घरभाडा सुविधा वापतको रकम यस तादी गाउँपालिकामा घरभाडा लिई वस्ने गाउँपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाका कर्मचारीहरुको लागि (अफिस क्वाटरमा वसेका कर्मचारीहरु

वाहेक) मात्र मासिक रु २,०००। (अक्षरुपी दुई हजार) का दरले घरभाडा सुविधा २०८२ श्रावण १ देखि २०८३ असार मसान्त सम्मको उपलब्ध गराउने निर्णय गरियो ।

ख) प्रस्ताव नं ७ (ख) उपर छलफल गर्दा मिति २०८२।०६।२३ को १९० औं कार्यपालिका बैठकबाट रु. १० लाख माथिको योजना उपभोक्ता समिति मार्फत कार्यान्वयन नगराउने निर्णय भएतापनि अब उप्रान्त यस आ. व. को विनियोजित आयोजना/कार्यक्रमहरु सार्वजनिक खरिद ऐन तथा नियमावली अनुरुप हुनेगरी स्थानीय श्रम, सीपको उपयोग, मितव्ययिता, गुणस्तरियता, दिगोपना एवं स्थानीय रुपमा रोजगारी सृजना समेतलाई मध्यनजर गरी उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने/गराउने गरी निर्णय गरियो।

ग) प्रस्ताव नं ७ (ग) उपर छलफल गर्दा आर्थिक उपचार सहायताको लागि प्राप्त निवेदन अनुसार क्यान्सर/कडा रोग निदान भएका तपशिल वमोजिमका व्यक्तिहरुलाई आ.व.२०८२/०८३ मा विनियोजन भएको वजेट खर्च शिर्षक नं ३११५९ विपन्न नागरिक सहायता शिर्षकबाट रोग निदान प्रमाणित कागजातको आधारमा तपशिल वमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क्र.सं | नाम/थर | ठेगाना | कारण | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | सविन भण्डारी | तादी -४ | ईस्पाइनल ईन्जुरी | २५०००। | |
| २. | माया तामाङ | तादी -६ | क्यान्सर | २५०००।- | |